राष्ट्रिय 'क' वर्गमा वर्गीकृत

राष्ट्रिय दैनिक

# बुटवल टुडे

साझा विचार, ताजा समाचार

| वर्ष १३ | अंक २७६ | सोमबार | १२ साउन २०८२ | Monday 28 July 2025 | पृष्ठ: ४ | मूल्य: ६ रूपैया



**स्वामिको मोबाईल मोहः** मुक्तिनाथ धाम बुटवलका प्रमुख संरक्षक लोकानन्द स्वामी मोबाईलबाट तस्वीर लिँदै।

**मानव बेचबिखन अपराध हो।**

■ मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
■ मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
■ कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
■ प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने, वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन्।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ। त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बैबाहिक सम्बन्धको झमेलामा पाल्पाली !


**सानातिना असमझदारीले समेत श्रीमान र श्रीमतीबीचको सम्बन्धमा फाटो परेको पनि देखिएको अदालतका कर्मचारीहरू बताउँछन्।**

**प्रकाश नेपाल**
पाल्पा, ११ साउन।

रिब्दीकोट गाउँपालिका कुसुम खोलाका थापा क्षेत्री थर भएका एक युवक रूपन्देहीको सियारी गाउँपालिकाको श्रेष्ठ थर भएकी युवती संग गत असारमा विवाह बन्धनमा बाँधिए। तिनै थापा थरका युवा कानुन व्यवसायीको साथमा सम्बन्ध बिच्छेदको उजुरीका साथ जिल्ला अदालतमा भेटिए। श्रीमान श्रीमती दुवैको सहमतिमा सम्बन्धलाई कानुनी रूपमा टुंग्याउनका लागि आएको उनले बताए।

रामपुर नगरकी ३२ वर्षीया ब्राह्मण समूदायको महिलाले पनि स्वतन्त्र रूपमा जिवन यापन गर्ने उद्देश्यले नै जोडेको नाता सदाका लागि तोडिएको फैसला हातमा देखाउँदै भनिन् समय धेरै फेरियो पहिले जस्तो पितृसतात्मक शासन व्यवस्था चल्दैन। नारी स्वतन्त्र हुन पनि चाहान्छन्। विगत के कस्तो भन्दा पनि भविष्य अब उज्यालो बनाउने हो। घर व्यवहार देखि बाल बच्चा हुर्काउने जिम्मेवारी पुरुषको पनि हो। कानुनले समान अधिकार दिएका कारण विगतको आफ्नो भोगाईका कारण आफू स्वतन्त्र भएको उनले बताइन्। रम्भा गाउँपालिका घर बताउने जनजाती समूदायकी २८ वर्षीया महिलाले ५ वर्ष अगाडि गाउँ नजिकको युवासंग लगन गाँठो कसेको बताउँदै जीवनको मोडमा यस्तो अवस्था आउला भन्ने कल्पना नै थिएन। तर परिस्थितिले गर्दा सोंचेको र कल्पना गरेको जस्तो भएन गत वर्षको जेठ २० गते एउटा बैवाहिक जिवन समाप्त भएको बताइन्। समाजको परिवेश अत्यन्तै सानो र साँघुरो रहेछ। यसले गर्दा एउटा वैवाहिक जिवनको अन्त्य गरेर नयाँ जीवनको सुरुवात गरेको उनले बताइन्।

व्यापार होस वा कुनै व्यवसाय नै किन नहोस महिलाले सञ्चालन गर्न अझ पनि कठिन रहेछ। त्यसमा पनि अहिले नयाँ पुस्तामा पढाई लेखाईका कारण जागिर खाने क्रम बढेको छ। जागीरको सवालमा घर टाढा रहँदा घर परिवारको मनमा शंकाको सुइ बढि नै घुम्दो रहेछ। त्यसले गर्दा कहिले पनि नफुस्कने गरी बाँधिएको लगन गाँठो फुस्कने रहेछ। त्यही पीडा बाट आफू प्रताडित भएका कारण गाँठो फुक्यो एउटा घरवार तोडियो उनले भनिन्।



फोटो एआईबाट

पछिल्लो समयमा सामाजिक रूपमा आएको र भएको चेतनाको बिकास, शिक्षामा भएको परिवर्तन सूचना र प्रविधिको पहुँचको कारण जिल्ला अदालतमा दिनहुँजसो सम्बन्ध विच्छेदका मुद्दा आउने गरेको कानुन व्यवसायीहरू बताउँछन्। शहरी क्षेत्रको तुलनामा ग्रामिण बस्ती बाट महिलाहरू सम्बन्ध विच्छेदका मुद्दा लिएर आउने गरेका छन्। शहरी क्षेत्रमा विषेश गरी सदरमुकाममा बसोबास गर्ने मध्यम वर्गको तुलनामा उच्च वर्ग अत्यन्तै न्यून रहेको छ। सामाजिक प्रतिष्ठामा आँच आउन सक्ने भएका कारण उच्च वर्गका परिवार बाट यस्ता समस्या आउँदैनन्। जताबाट पनि आर्थिक व्यवस्थापनमा जोडिने। आर्थिक पक्ष बलियो परिवारमा विखण्डन अत्यन्त कम हुने अदालतका श्रेतेदार केशब पराजुली बताउँछन्।

सामान्य रूपमा हेर्दा सामान्य कुरामा असमति हुँदा सम्बन्ध नै तोड्ने किसीमले श्रीमानको साथमा श्रीमती पनि आउने र श्रीमतीले निवेदन दिने गर्दछन्। अदालतमा पनि कानुनी भन्दा व्यवहारीक रूपमा दुवैलाई राखेर छलफल गराएर फुटेको सम्बन्धलाई मिलाउने गरी पनि पठाएको उनी बताउँछन्।

(बाँकी पृष्ठ २ मा)

## न्यायिक समितिमा बढ्दो विश्वास




**राम अवतार चौधरी**
चन्द्रौटा (कपिलवस्तु), ११ साउन।

"बिचौलियाको सहारा नलिई न्याय पाइन्छ भन्ने सुनेको थिएँ। तर जब आफैंले त्यो अनुभव गरेँ, तब मात्रै पत्याएँ" कपिलवस्तुको शिवराज नगरपालिका-६, पिपरीका उमर धोबीले भनेका यी शब्दले गाउँघरमा फैलँदो न्यायिक सचेतताको एउटा उज्यालो चित्र कोर्छ।

धोबीको खेतमा केही महिनाअघि छिमेकीले जेसिबी लगाएर नाली खने, जसले गर्दा वर्षात् सुरु भएलगत्तै खेतमा कटान हुन थाल्यो। उखु खेती गर्दा केमिकलवाला कम्पनीले गर्दा बर्षेनी क्षति बेहोर्दै आएको उनले बताए। उनले शिवराज नगरपालिकाको न्यायिक समितिमा उजुरी दिए।

न्याय पाउन बिचौलियाको सहयता लिनुपर्ने सुनेको थिएँ तर आफू जाँदा पनि सहजरूपमा समस्याको सुनाइ भएको उनी बताउँछन्। "चार पटक उजुरी दिएँ, हरेकपटक सहज सुनुवाइ भयो, क्षतिपूर्ति पनि पाएँ," उनी भन्छन् : "उपमेयर आफैंले ध्यान दिनुभयो, म अचम्मित भएँ।"

वडा नम्बर ११ की ममता थारुको जीवन कथाले अझ बढी पीडा बोकेको छ। २०५० सालमा उनको विवाह भएको थियो। चार वर्षमै श्रीमान भारतबाट काम गरेर फर्कंदा मृत शरीर बनेर आएको उनले सुनाईन्। साना छोराछोरी लिएर घरमै एक्लिएकी ममता आफन्तको तिरस्कारमा परिन्। घरपरिवारले "घरबाट निकाल्ने धम्की, अंश नदिने अडान, सबै सहनुपऱ्यो" थारुले भनिन्।

यति पीडाबीच उनी न्याय खोज्दै नगरपालिका पुगिन्। उपमेयरको पहलमा उनले विवाहको ३२ वर्षपछि नागरिकता पाईन्। "अहिले म कानुनी रूपमा नागरिक छु, यो म कल्पनै नगरेको कुरा हो" उनी भन्छिन् : "न्यायिक समितिले मेरो जीवनमा आशाको ज्योति बालिदियो।"

न्यायिक समितिमा बढ्दो विश्वास

शिवराज नगरपालिकाको न्यायिक समिति अहिले गाउँमा न्यायको केन्द्र बन्दै गएको छ। उपमेयर तथा समितिकी संयोजक शिवकुमारी थारुका अनुसार आर्थिक वर्ष २०८१/८२ मा ९३ मुद्दा दर्ता भए, अघिल्लो वर्ष बाँकी १८४ मुद्दासहित २७७ पुगे। तिनमध्ये १६८ मुद्दा फछ्र्योट भइसकेका छन्।

(बाँकी पृष्ठ २ मा)

# युवाले बनाए मन्दिर र चौतारो



गुल्मी (बुटवल टुडे) ११ साउन- गुल्मीमा क्लबद्वारा मन्दिर र चौतारो निर्माण गरिएको छ। इस्मा गाउँपालिका -५ स्थित इस्मारजस्थलमा रहेको द-ग्यासेक्सी युवा क्लबले गाउँमा स्थानीय युवाहरूको पहल र सक्रियतामा मन्दिर र चौतारो निर्माण गरेको हो।

२०६६ सालमा स्थापना भएको क्लबले जीर्ण अबस्थामा पुगेको लालकुमारी मन्दिर संरक्षणका लागि २८ जना युवाहरू मिलेर २५ दिन श्रमदान गरेर मन्दिरको पुनर्निर्माण गरेको हो। मन्दिर प्लाष्टर, रङरोगन, बिद्युत जडान, दानपात्र, रिटेलिङ्ग वाल, गेट र रेलिङ्गसहितको सिँढी निर्माण गरिएको क्लबका पूर्व अध्यक्ष विकाश बिष्टले जानकारी दिएका छन्।

क्लबले आगामी दिनमा ट्रस निर्माण गर्ने योजना बनाएको छ। मन्दिर व्यवस्थापनका सामग्रीको लागि तुल्सी बस्नेतको स्मृतिमा मुमा बस्नेत सहितको परिवारले ४५ हजार रूपैयाँ सहयोग गरेको छ। स्थानीय समाजसेवी स्वर्गीय चुनाकुमारी बिष्टको स्मृतिमा दुजमान बिष्टको परिवारले मन्दिरको गजुर तथा चार सुरमा काँसको पाता उपलब्ध गराएको पूर्व अध्यक्ष बिष्टले बताए।

मन्दिर व्यावस्थापनको अभियानमा एक सय २८ जनाले स्तस्फुर्त रूपमा आर्थिक सहयोग प्रदान गरेका थिए। मन्दिर पुनर्निर्माणका लागि अभियानमा सङ्कलन भएको तीन लाख ५२ हजार ६२३ रूपैयाँ मध्ये मन्दिरमा दुई लाख २७ हजार ७९० रुपियाँ खर्च भएको क्लबका अध्यक्ष डेम बहादुर बिष्टले जानकारी गराएका छन्।

उक्त क्लबले ब्याडीपोखरी र दोबाटे डाँडामा चौतारी निर्माण तथा अँधेरीखोला, सिख्रे, भिरपानी, ओख्ले र रातापोखरामा पँधेरो सरसफाई गरिँदै आएको अध्यक्ष बिष्टले बताए। क्लवले प्रत्येक बर्ष जेष्ठ नागरिक सम्मान, स्थानीय सिद्ध प्राविका गरिब तथा जेहेन्दार विद्यार्थीलाई सहयोग, तीज गीत प्रतियोगिता लगायतका क्षेत्रमा सामाजिक काम गर्दै आएको छ।

अहिलेसम्म निर्माण, मर्मत र सरसफाई गरिएका सार्वजनिक संरचना स्वतर्स्फूत रूपमा श्रमदानबाट निर्माण गरिएको हो। सामाजिक कामका लागि आजभोलि श्रमदान गर्ने मानिसहरू बिरलै मात्रमा भेटिन्छन। तर क्लबले सञ्चालन गरेको उक्त अभियानमा भने सानादेखि पाका उमेर समूहसम्मका व्यक्तिहरूको महत्त्वपूर्ण सहयोग रहेको बताइएको छ।

# रूपन्देहीमा कार्बाहीमा परे ५० हजार बढी चालक



**रञ्जु केसी**
प्रमुख, ट्राफिक प्रहरी कार्यालय रुपन्देही

भैरहवा (बुटवल टुडे), ११ साउन- जिल्ला ट्राफिक प्रहरी कार्यालय रूपन्देहीले आर्थिक वर्ष २०८१/०८२ मा ५० हजार बढी कारबाहीबाट ६ करोड बढी राजस्व असुल गरेको जनाएको छ। भैरहवामा वार्षिक प्रगति सार्वजनिक गर्दै ट्राफिक प्रहरी प्रमुख रञ्जु केसीले गएको वर्षमा ५० हजार ४४१ कारबाही गरिएको जानकारी दिईन।

सो कारवाहीबाट ६ करोड ८ लाख ४९ हजार १२ रूपैया राजस्व असुल भएको उनले बताईन। यो मध्ये तीव्र गतिमा सवारी चलाउने ६ हजार ११४ जना सवारी चालकबाट ३१ लाख ५५ हजार रूपैयाँ जम्मा भएको उनले बताईन। यसैगरि चारपाङ्ग्रे ठूला सवारी साधन लक्षित संयुक्त चेकजाँचमा ३२ वटा सवारी साधन नियन्त्रणमा लिएर १५ लाख ४२ हजार ६९५ रूपैयाँ राजस्व दाखिला गराएको केसीले बताईन।

रूपन्देही जिल्लामा पछिल्लो समय सवारी दुर्घटनाको संख्या भयावह रूपमा बढिरहेको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालयको तथ्यांकअनुसार, दुर्घटनामध्ये सबैभन्दा बढी मोटरसाइकल र स्कुटरसँग सम्बन्धित रहेको पाइएको छ। यसले गर्दा जिल्लामा सवारी सुरक्षा र जनचेतनाको विषयमा गम्भीर प्रश्न उठेको छ।

### के भन्छ तथ्यांक

आर्थिक वर्ष २०८१/०८२ को तथ्यांक केलाउदा रूपन्देहीमा कुल ८ सय २ वटा दुर्घटनामा १ हजार १६२ सवारी साधन संलग्न रहेका छन्। यस मध्ये सबै भन्दा बढी मोटरसाईकल र स्कुटीहरू ७९५ वटा रहेको केसीले बताईन। त्यसपछि जिप, कार १२० वटा, शारीरिक श्रमले चल्ने साईकल जस्ता साधनहरू ६७ वटा, ट्रक, टैंकर ४५, बस ३८, टेम्पो ३६, टिप्पर २८, ट्रेक्टर २३, माईक्रो ७, १ वटा डोजर र २ वटा अन्य सवारी साधन रहेको केसीले जानकारी दिईन। यी दुर्घटनामा परि २३ महिला र ९८ जना पुरुष गरि १२१ जनाको मृत्यु भएको छ भने ३१९ जना महिला र ९१३ जना पुरुष गरि १ हजार २३१ जना घाईते भएको ट्राफिक प्रहरीको तथ्यांक छ।

(बाँकी पृष्ठ २ मा)



## सम्पादकीय

# स्वकीय र सल्लाहकारहरूको रजगज

पछिल्लोसमय प्रधानमन्त्री र मन्त्रीका काम कारवाहीलाई लिएर सामाजिक सञ्जालदेखि आम सञ्चारका माध्यममा खरो टिका टिप्पणी हुन थालेका छन् । यस प्रकारका टिका टिप्पणीले सरकारलाई सुधारको मौका दिन्छन तर कतिपय टिकाटिप्पणी औचित्यहीन र दिग्भ्रमित गराउने खालको हुँदा तिनले आम जनमानसमा भ्रम सिर्जना गराउने चुनौति देखिएको छ। पछिल्लोपटक मापदण्ड विपरित प्रधानमन्त्री र मन्त्रीहरूले स्वकिय सचिवहरूको नियुक्ती गरेको भन्दै त्यही बिषयलाई लिएर प्रधानमन्त्री र मन्त्रीहरूमाथि टिप्पणी भैरहेको छ। निश्चितरूपमा आफूसंग पद र पावर भयो भन्दैमा राज्यकोषको दोहन गर्नु राम्रो होइन। मन्त्रीहरूले कार्यविधिभन्दा बाहिर गएर स्वकीय सचिवहरूको नियुक्ती गरेको र त्यसबाट राज्यकोषको दोहन बढेको भन्दै आलोचना भैरहेको छ। निश्चितरूपमा सत्तामा पुग्ने वित्तिकै प्रधानमन्त्री र मन्त्रीहरूले आफ्ना नजिकका ब्यक्तिलाई स्वकीय सचिवमा नियुक्त गर्ने र सरकारी तलब भत्ता खुवाएर राज्यकोषको दोहन गर्नेक्रम चल्दै आएको छ। यद्यपि यो अहिलेको रोग होइन, बर्षौदेखि यही परम्परा चल्दै आएको छ। हो अहिले त्यो बढेको अवस्था होला। स्वकीय र सल्लाहकारको नियुक्ती जनताका लागि स्वाभाविक लाग्नै छोडेको छ। राज्यकोषको दोहन गर्ने यस प्रकारका कामले सरकारको गतिशिलतामाथि पनि प्रश्न उत्पन्न हुँदै आएको छ। प्रधानमन्त्री र मन्त्रीहरू सल्लाहकारको झुण्डबाट उम्किन नसक्दा पटकपटक विवादित पनि बन्दै आएको पनि देखिएको छ। पछिल्लोसमय त पालिका प्रमुख, विभागीय प्रमुख, योजना आयोगका पदाधिकारी लगायतले पनि सल्लाहकार नियुक्त गरेर महालेखालाई हरेक बर्ष बेरुजुको फाईल तन्काउन बाध्य पारिरहेका छन्। मन्त्रीहरू, मुख्यसचिव, सचिव, अन्य उच्चपदस्थ कर्मचारी र विज्ञहरू प्रधानमन्त्रीका सारथी हुन्। उनीहरूले सम्बन्धित मन्त्रालयमा बसेर विभिन्न अल्पकालीन र दीर्घकालीन नीति तर्जुमा गर्नेमात्र होइन, प्रधानमन्त्रीलाई नीतिगत र अन्य विषयमा विभिन्न सुझाव र सल्लाह पनि दिन्छन्। उनीहरू नै मुख्यरूपमा प्रधानमन्त्रीका सहयोगी र सल्लाहकार हुन्। तर, सत्तासीनहरूलाई विभिन्न विषयमा सल्लाह दिने यस्तो संयन्त्र विवादित किन बन्छ ? सोचनीय सवाल छ। किन स्वकीय र सल्लाहकारहरूमाथि राज्यकोषको दोहन गरिरहेको भन्ने आरोप लाग्छ ? यसको जवाफ अव खोज्नुपर्ने भएको छ। उनीहरू बोझमात्रै हुन कि, आवश्यक परेको बेलामा राम्रो सुझाव र सल्लाह दिने सल्लाहकार पनि ? अव सरकारले यो बिषयमा फरक ढंगले समीक्षा गर्नु जरुरी छ। जथाभावी स्वकीय र सल्लाहकारको नियुक्ती गरेर राज्यकोष दोहन गर्ने प्रवृत्ति अव अन्त्य गर्नैपर्दछ। त्यसका लागि सरकार मानसिक रूपमा तयार हुनु जरुरी छ।

नेपाल सरकार मन्त्रिपरिषद कार्यविधिमा प्रधानमन्त्री र मन्त्रीहरूले सल्लाहकार राख्न पाउने व्यवस्था छ। २०६८ साल भदौ २९ गते बसेको मन्त्रिपरिषद बैठकले प्रधानमन्त्रीको स्वकीय सचिवालयमा ३४, उपप्रधानमन्त्रीलाई ८ र मन्त्रीहरूलाई ७ जना स्वकीय सचिव राख्न दिने व्यवस्था गरेको छ। अहिले त्यो बिधि मिचिएको छ र त्यसभन्दा धेरै स्वकीय नियुक्त गरेर सरकारलाई भद्दा वनाउने काम भएको छ। यसरी सल्लाहकार नियुक्त गर्दा नियम विपरित ठूलो संख्यामा जम्बो टिम बनाउने प्रवृत्ति बढ्दै गएको कारण पदकै मानमर्दन हुने अवस्था आएको छ। सल्लाहकारको यो झुण्ड नेपालको सन्दर्भमा वास्तवमै अनुचित छ। यसले राज्यको खर्च बढाउने काम मात्रै गरेको छ भन्दा अत्युक्ति हुँदैन। यस प्रकारको सल्लाहकार र स्वकीय सचिवालयमा नियुक्ति पाउनेमध्ये धेरैको 'जागिर पकाउने' बाहेक खासै काम भएको नदेखिएको विगतमा गठन भएको प्रशासन सुधार सुझाव कार्यदलले औंल्याएको थियो। एक बर्ष अघि प्रधानमन्त्रीले आफ्नो सचिवालयलाई मितव्ययी बनाउने घोषणा गर्नुभएको थियो। प्रधानमन्त्रीको त्यो भनाई अहिले व्यवहारमा देखिएन्। अवपनि सुधार नगर्ने हो भने जनतामा बढिरहेको बितृष्णाको ज्वारभाटा थाम्न गाह्रो हुने निश्चित छ। तसर्थ सुधार प्रधानमन्त्री र मन्त्रीहरूबाटै होस्।

# हरियो महिना साउनको धार्मिक र पौराणिक महत्त्व



पद्मप्रसाद शर्मा

हरेक वर्ष जब साउन महिना आरम्भ हुन्छ तव महिलाको श्रृङ्गारमा थप हरियो झल्किन्छ। साथमा हरियो कै चर्चा चल्न लाग्दछ। कसैले यो हरियो पतिको सौभाग्य तथा आयु वृद्धिको सूचक भन्ने गरेको सुनिन्छ भने कतिले उत्तम वर पाउनका लागि गरिएको भन्ने पनि सुनिन्छ। कसैकसैले यो प्रचलन पहिले थिएन आजभोली आएको हो भन्ने गर्नुहुन्छ। कसैले प्रकृतिमा वर्षाले गर्दा हरियाली छाएको हुन्छ, त्यसैलेपनि हरियो पहिरनमा सजिएको भन्ने गर्नुहुन्छ। केहीले त अरूले गरेको देखेर देखासिकी गरेको समेत भन्नुहुन्छ। वास्तविक यही हो भन्ने थाहा नभएको जस्तो लाग्छ। यो प्रचलन कहाँबाट आरम्भ भयो र कहिलेदेखि आरम्भ भयो ? यसका वारेमा एकिन साथ भन्न सकिने अवस्थाको प्रमाण देखिदैन। कसैकसैले साउनको महिना शिवजीको प्रिय महिना भएकाले शिवलाई खुसी पार्नका लागि पनि हरियोमा सजिने गरेको समेत भनेको सुन्न पाइन्छ। यो महिनामा अत्यधिक रूपमा हिन्दु धर्मावलम्वीहरूले रुद्राभिषेक गरेको देखिन्छ, सुनिन्छ। साउन महिनामा कतिपयका घरमा र कतिपयले शिवजीको मन्दिरमा पुगेर रुद्राभिषेक गरेको पाइन्छ। यो रह्यो आफ्नो आस्था र विश्वासको आधारमा गरिएको कार्य। आस्था र विश्वासको आधारमा कसैमाथि आघात नपर्नेगरी हरेक कार्य गर्ने छुट जो कसैलाई हुन्छ। स्वतन्त्रता भनेको यही हो। लोकतन्त्रमा यस्तो स्वतन्त्रता हुन्छ। साउनको महिमा गाउनेहरूले साउनको सोमबारका दिन ब्रत बस्ने र पुजाआजा संगै कृतन समेत गर्ने गरेको पाइन्छ। सोमबार व्रत बस्नाले विशेष फल प्राप्त हुन्छ भन्ने जनविश्वास समेत रहेको पाइन्छ। साउनको सोमबारको दिन ब्रत बसेर पूजाआजा गर्नाले अविवाहित महिलाहरूका लागि शिवको शक्तिबाट असल वर प्राप्त हुने हुनाले उनीहरूले बेलपत्र, दूध, जल, धतुरो र अक्षता समेत शिवजीको मन्दिरमा अर्पण गर्दछन्। यो पनि एउटा पुजा विधि हो। शिव प्रसन्न गराउनका लागि विभिन्न उपायहरू गरिन्छ। त्यसमध्येमा शिवजीको मन्दिरमा पुगेर विधिपूर्वक पुजाआजा गर्नु र शिवबाट फलको अपेक्षा गर्नु यो पहिलेदेखि चलिआएको प्रचलन हो। शिवजीको पुजा गर्दा प्रायः सबैले भज्ने गरेको भजन यस प्रकार पाइन्छ :

जय शिव ओंमकारा, हर ओमकारा।
ब्रह्मा, विष्णु सदा शिब, अर्ध्दांगी धारा
एक आनन्द एक अविनाशी, त्रिभुवन व्यापी ।।
जय शिव ओंमकारा, हर ओंमकारा।

यसैगरी कसैकसैले शिवजीलाई प्रसन्न पार्नका निम्ति भनेर एउटा अर्को प्रभावकारी मन्त्र जप्ने गरेको सुनिन्छ। यो भजनको रूपमा पनि गाउने गरिन्छ। जुन यस प्रकार रहेको छ।

त्र्यम्वकं यजामहे सुगन्धिं पुष्टिवर्धनं।
उर्वारुकमिव वन्धनान्मृत्योर्मुक्षीय मामृतात ।।

महिलाहरूले खासगरेर यो महिनामा हरियो साडी, चुरा, मेहन्दी लगाउने गरेको देखिन्छ। मेहन्दी प्रायः गरेर हातमा लगाउने गरिन्छ। कसैले दुबै हातको दुबैतर्फ लगाउने गरेको देखिन्छ। वास्तवमा हरियोलाई समृद्धिको प्रतिकको रूपमा लिने गरिन्छ। यसकारण जताकतै हरियो देखिनु स्वाभाविक हो भन्ने लाग्दछ। हामीले हाम्रा चाडहरू परम्परागत ढंगबाट मनाउँदै आएका छौं। तर हाम्रा हरेक चाडहरू कतै पशुसंग जोडिएर आएका हुन्छन् भने कतै वनस्पतिसंग जोडिएर आएका हुन्छन भने कुनै सिंगो प्रकृतिसंग जोडिएर आएका हुन्छन्। यो साउन महिना प्रकृतिसंग जोडिएर आएको हुन्छ। यो महिना हरियो मेहन्दी र चुरा, साडीका कुरा मात्र होइन खिरखाने पर्वको रूपमा पनि परिचित छ। साउनको पन्ध्र गतेका दिन खिरखाने दिनको रूपमा चिनिएपनि साउन महिनाभर खिरको महिमा रहन्छ। खिरखानु नाचगान भजन कृतन गर्नु रमाउनु सबैका लागि हितकारी काम हो। कहिलेकाँही रमाउन पनि जान्नुपर्दछ। रमाउनका लागि हाम्रा चाडहरूले सघाउँछन्। यस्तै साउनमा हरियो पहिरन र शिवजीको आराधना गरेर मनमा आनन्द मिल्छ भने यसमा पनि अन्यथा मान्नु केही जरुरी छैन। आस्था तथा विश्वास हुनेहरूले गर्छन। अरूको आस्था तथा विश्वासमा घात तथा निन्दा गर्नु कदापि हुँदैन। आफ्नो आस्थामा आफै रमाउने हो। यसैले आफ्नो रंङ्ग उही रंङ्ग अरूको रङ्ग अभरंङ्ग भन्ने उखान पनि सुन्न पाइन्छ आफ्नो रङ्गलाई कुण्ठित गर्ने काम कसैले गर्नुहुँदैन। हामीले वर्षभर मनाउने चाडहरूले वेग्लै महत्व राखे पनि साउनको विशेष महत्वका रहेको हुन्छ। यो साउनको महत्व पनि कम छैन भन्ने लाग्दछ। हामी नेपालीले मनाउने सबै चाडहरू आस्था र विश्वसमा अडेका छन्। हामीले विगतदेखि यसैगरी मनाउने गरेको छौं। कति बुझेर गरेका छौं कति नबुझेर गरेका छौं। मात्र कुरा के हो भने भित्री रहस्य नुबुझिकन गरिने कार्यले फाइदा गर्दैन। हामीले साउन महिना र सर्वत्र हरियोको जुन कुरा उठाएको छौं। त्यसमा कतिपय ब्यक्तिबाट जुन अभिव्यक्ति आयो यसमा भने एक पटक घोत्लिनु पर्दछ। अरूले गरेको देखेर आफूले नक्कल गर्ने जुन प्रवृति बढेको छ यो प्रवृति हानिकारक हुन्छ। देखासिकी गर्ने, अरूलाई देखाउनका लागि गर्ने, फजुल खर्च गरेर आफ्नो सान सौगात देखाउन चाहने र अनावश्यक काम कुरामा अरूलाई उछिन्ने प्रवृति अहिल वेजोडले बढेर आएको छ। धेरै कुरा हामीले हो रे मा लगेर विसाउँछौं। यो पनि हो रे त्यो पनि हो रे। पक्का यही हो भन्न किन सक्दैनौं ? तथ्य केही समय लगाएर खोजौं। वास्तविकता पत्ता लगाऔं। आफै पनि तर्क गरौं। एउटा निष्कर्ष आउन सक्छ। धेरै कुरा रे मा लगेर विसाउँदा कहिले अनर्थ समेत हुने डर हुन्छ।

साउनको महिना वर्षायाम र खेतीपातीको महिना हो। यो समयमा मानो छरेर मुरी उब्जाउने समय भनिन्छ। एकातर्फ हाम्रा किसानहरू यतिवेला खेतबारीमा भेटिन्छन्। उनीहरू आफ्नो श्रमले खेतबारीमा अन्नवाली रोपिरहेका छन्। पो पर्व उनीहरूको लागि पनि हो। हामीले उनीहरूको जीवन कसरी सहज बनाउन सकिन्छ भन्ने वारेमा कहिल्यै सोंचेको छौं ? सोंचेका छौ जस्तो लाग्दैन। किसानलाई धरती पुत्र भनिन्छ। धरतीपुत्र यो समयमा चिन्तित अवस्थामा छन्। यतिवेला प्रयाप्त वर्षा नभएर चिन्ता व्यक्त गरिरहेका छन्। अझ मधेश प्रदेशमा त धान खेती सुरोपुरो हुने लक्षण देखिएको छैन्। उता किसानहरू मल नपाएर तडपिरहेका छन्। हाम्रो रमाइलो भित्र उनीहरूको पीडा पनि खोज्ने र उनीहरूको पीडा भित्र हाम्रो रमाइलो पनि मिसाउने वातावरणको खोजि गर्नुपर्ने छ र समाधान गर्न जान्नुपर्ने छ। यतिवेला हाम्रा खेतबारीमा अन्नवाली रोप्न सकेनौं भने मुलुकको प्रसस्त धन अन्न खरिदका निम्ति विदेशमा जाने छ। यसलाई हाम्रै मुलुकमा रोक्नु पर्नेछ। यसको सहज उपायको वारेमा साउने रमाइलो संगै खोज्नु पर्ने छ। रमाईलो भित्रै यस्ता कुराहरू लुकेका पनि हुन्छन्। एकातर्फ साउन मनाउनको साथसाथै किसानका समस्याका वारेमा आवाज बुलन्द गर्नु पर्दछ। यो हाम्रो कर्तव्य हो। यहाँ उब्जने अन्न हाम्रै हो। जति धेरै उत्पादन उतिधेरै आत्मनिर्भर। जति धेरै वस्तुमा आत्मनिर्भर उति धेरै रमाइलो। जति रमाइलो उति धेरै मुलुकको धन विदेश जानबाट रोकिने। यसलाई यसरी जोड्न सक्यौं भने हरेक वर्ष हामी रमाएर हाँस्न सक्ने छौं र बाँच्न सक्ने छौं। एकतर्फको हाँसो पनि एक प्रकारको हो रे जस्तै हुन्छ। जीवन हो रे मात्र होइन। सत्य र तथ्यमा बुझ्न सक्नु पर्दछ। जय साउन।

# लिट्मस केबलसको पावर 'पार्टनर्स मिट'




काठमाडौं (बुटवल टुडे), ११ साउन-नेपालको वायर तथा केबल उद्योगको एक अग्रणी नाम लिट्मस इन्डस्ट्रीज लिमिटेडले आफ्नो तेस्रो "पावर पार्टनर्स मिट २०८२" काठमाडौंमा सफलतापूर्वक सम्पन्न गरेको छ।

कार्यक्रममा देशभरबाट करिब २०० जना डिलर, वितरक तथा च्यानल पार्टनरहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा कम्पनीको प्रस्तुति, डिलरहरूसँगको प्यानल छलफल तथा उपलब्धिमूलक नेटवर्किङ सेसनको आयोजना गरिएको थियो। लिट्मसले आफ्नो पाँच दशक लामो यात्रा, वर्तमान बजार उपस्थिति, प्रमुख उपलब्धिहरू र भावी योजनाहरू प्रस्तुत गर्दै गुणस्तर, अत्याधुनिक प्रविधि र नवप्रवर्तनप्रतिको आफ्नो प्रतिबद्धता व्यक्त गरेको थियो।

उत्कृष्ट योगदानको कदरस्वरूप कम्पनीले राइजिङ स्टार, पेमेन्ट एक्सिलेन्स, लिट्मस एक्सिलेन्स अवार्डसहित १० विधामा देशभरका उत्कृष्ट डिलरहरूलाई सम्मानित गरेको थियो। यसले लिट्मसको सफलता र समृद्धिमा विश्वास, सहकार्य र बलियो साझेदारीको महत्वलाई अझ प्रस्ट पारेको थियो। त्यसै अवसरमा, लिट्मसले "श्रावण उत्सव" अभियानको घोषणा गर्दै डिलरहरूलाई आकर्षक स्किममार्फत दुबई र थाइल्याण्ड भ्रमण तथा चाँदीका सिक्का जित्ने अवसर प्रदान गर्ने जानकारी गराएको थियो।

# काउन्सिललाई जिम्मेवार र अधिकारसम्पन्न बनाउन सुझाव

काठमाडौं, ११ साउन। मिडिया काउन्सिल विधेयकले मिडिया काउन्सिललाई जिम्मेवार र अधिकारसम्पन्न बनाउने गरी विधेयक निर्माण गर्न सरोकारवालाहरूले सुझाव दिएका छन्।



आइतबार प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा विधेयकमाथि छलफल गर्दै सरोकारवालाहरूले मिडिया काउन्सिल विधेयकमा सञ्चार क्षेत्रलाई स्वनियमन र स्वमूल्यांकनको अवधारणामा समेट्नु सकारात्मक पक्ष भएको र यसले काउन्सिललाई जिम्मेवार बनाउने धारणा राखेका हुन्। बैठकमा बोल्दै राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आचार्यले काउन्सिललाई वर्गीकरणको बोझबाट मुक्त गरिदिएको बताए। उनले प्रेस प्रतिनिधि प्रमाणपत्र वितरण गर्ने अधिकार काउन्सिललाई दिनुपनि सकारात्मक पक्ष भएको बताए। उनले भने, 'विधेयक समग्रमा राम्रोभन्दा पनि केही सकारात्मक पक्ष समेटेको छ, काउन्सिललाई वर्गीकरणको बोझबाट मुक्त गरिदिएको छ। यसले प्रेस प्रतिनिधि प्रमाणपत्र वितरण गर्ने अधिकार प्राप्त गरेको छ । यो नयाँ विषय हो । अहिलेसम्म प्रेस काउन्सिलले यो गरेको थिएन।' उनले स्वनियमन र स्वमूल्यांकनको विषय प्रवेश गर्नु सञ्चार क्षेत्रका लागि महत्त्वपूर्ण रहेको बताए। 'मिडियाहरू आफ्ना लागि आफैं काम गर्छन्, अरू कुनै निकायको आवश्यकता पर्दैन भन्ने ढंगबाट विधेयक आएको छ,' उनले थपे,' यसले विस्तारै नियमन संस्थाहरू आफैं हट्नेछन् भन्ने मान्यता बोकेको छ। सञ्चार क्षेत्रमा लगानी र पारदर्शिताको विषय पनि समेटिएको छ। तर विधेयकलाई अझ समृद्ध बनाउन आवश्यक बहस जरुरी छ।' प्रशासकीय अदालतका पूर्वअध्यक्ष काशीराज दाहालले विधेयकले प्रेस काउन्सिललाई स्वतन्त्र, स्वायत्त र सक्षम निकायको रूपमा विकास गरिने गरी समेट्न खोजेको बताए। उनले भने, 'प्रेस काउन्सिललाई पत्रकार क्षेत्रको अनुगमन गर्ने र आचारसंहिता उल्लंघनसम्बन्धी उजुरीको सुनुवाइ गर्ने स्वतन्त्र, स्वायत्त र सक्षम निकायको रूपमा विकास गरिनेछ। रेडियो, पत्रपत्रिका, अनलाइन वा अन्य सञ्चारमाध्यम र स्रोताहरूको समेत प्रतिनिधित्व हुने गरी समानुपातिक ढंगले काउन्सिलको अध्यक्ष वा सदस्यहरूको नियुक्ति गरिनेछ।'

## न्यायिक...

घर-जग्गा, आर्थिक लेनदेन, पारिवारिक झगडा, बाटो निकास, बाली नोक्सानी जस्ता उजुरी परेका छन्।

जसमध्ये १ सय ६८ वटा फछ्र्यौट भइसकेको उपमेयर तथा न्यायिक समितिकी संयोजक शिवकुमारी थारुले बताईन्। उनका अनुसार पछिल्लो समयमा घर-जग्गा, आर्थिक लेनदेन तथा पारिवारिक झगडा सम्बन्धी मुद्दा बढी दर्ता भएका छन्। मुद्दाहरूको वर्गीकरण हेर्दा घर-जग्गा विवाद सम्बन्धी १ सय ११ वटा मुद्दा दर्ता भएका छन्, जसमा ६३ वटा फछ्र्योट भइसकेका छन्, भने ४८ मुद्दा अझै बाँकी छन्। आर्थिक लेनदेनका ४८ मुद्दा दर्ता भई ३१ फर्च्युट भइ १७ बाँकी छन्।

त्यस्तै, पारिवारिक मामिला सम्बन्धी ३७ मुद्दामध्ये २८ फछ्र्योट भइसकेका छन्, भने ९ मुद्दा अझै बाँकी छन्। बाटो निकास सम्बन्धी २५ मुद्दामध्ये १६ फछ्र्योट भएका छन्, भने ९ बाँकी छन्। गाली बेइज्जती सम्बन्धी ८ मुद्दामध्ये ६ फछ्र्योट र २ बाँकी छ।

बालीनोक्सानी सम्बन्धी २ मुद्दामध्ये २ फछ्र्योट भएको छ। ज्याला-मजदुरीसम्बन्धी ६ मुद्दामध्ये ४ फछ्र्यौट र २ बाँकी छन्। अंश विवादका ९ मुद्दामध्ये ६ फछ्र्यौट भएका छन्, भने ३ मुद्दा बाँकी छन्। कुलो तथा पानीसम्बन्धी १६ मुद्दामध्ये ७ फछ्र्यौट र ९ मुद्दा बाँकी छन्। यस्तै अन्य विभिन्न प्रकारका १५ मुद्दामध्ये ५ फछ्र्यौट र १० बाँकी रहेको समितिको तथ्यांकमा उल्लेख गरिएको छ।

न्यायिक समितिमा दर्ता भएर पनि धेरैजसो उजुरीकर्ताहरू आपसी मेलमिलाप पछि समितिमा नआउने हुँदा मुद्दा फर्च्युट हुन ढिलाइ भइरहेको उप-प्रमुख थारुले बताउँछिन्। उनका अनुसार विगतका वर्षको तुलनामा यस वर्ष फछ्योट बढी छ। आम नागरिकहरूलाई वैधानिक माध्यमबाट समस्या समाधान गर्न प्रोत्साहित गरिनुपर्नेमा पनि जोड दिईन्। "कतिपय उजुरीकर्ताले मिलापत्र गरिसकेपछि समितिमा नआउँदा केही मुद्दा झुण्डिएका छन्," उपमेयर थारु भन्छिन् : "तर विगतको तुलनामा अहिले नागरिकहरूको सहभागिता र विश्वास बढेको छ।" न्यायिक समितिको थप प्रभावकारिता बढाउन स्थायी संयन्त्र र क्षमता अभिवृद्धिका कार्यक्रम गर्न आवश्यक रहेको उनले धारणा व्यक्त गरिन्।

न्यायिक समितिको प्रभावकारिता देखिए पनि चुनौतिहरू अझै बाँकी छन्। समितिमा सीमित स्रोत, जनशक्ति र संरचनाको अभाव महसुस भइरहेको छ। उपमेयर थारु भन्छिन् : "स्थायी संयन्त्र र क्षमता अभिवृद्धि कार्यक्रम नहुँदासम्म दीर्घकालीन न्यायिक सेवा प्रभावकारी हुन सक्दैन।"

## रूपन्देहीमा...

ट्राफिक प्रहरीका अनुसार, मोटरसाइकल दुर्घटनाका मुख्य कारणहरूमा तीव्र गति, मादक पदार्थ सेवन (मापसे) गरी सवारी चलाउनु, ट्राफिक नियमको उल्लंघन, हेल्मेट नलगाउनु र सडकको खराब अवस्था रहेका छन्।

विशेषगरी युवा वर्गमा हेल्मेट नलगाई तीव्र गतिमा मोटरसाइकल चलाउने प्रवृत्ति बढी देखिएको छ, जसले गर्दा दुर्घटनाको जोखिम अझ बढेको छ। यस समस्यालाई न्यूनीकरण गर्नका लागि ट्राफिक प्रहरीले विभिन्न पहलहरू गरिरहेको जनाएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख रन्जु केसीले नियमित रूपमा सचेतना कार्यक्रम, मापसे चेकजाँच र तीव्र गति नियन्त्रणका लागि अभियान चलाएको बताईन। यद्यपि, नागरिकहरूमा स्वयं सचेतना नआएसम्म दुर्घटना पूर्णरूपमा नियन्त्रणमा ल्याउन चुनौती रहेको ट्राफिक प्रहरी प्रमुखको भनाइ छ। उनले दुर्घटना न्यूनीकरणको प्रयास स्वरूप विद्यार्थी लक्षित, पैदल यात्रु लक्षित, चालक लक्षित गरि विभिन्न सचेतनामूलक कार्यक्रमहरू गरिरहेको बताईन।

## बैबाहिक...

सानो कुराले गर्दा पनि परिवारमा विग्रह आउछ। एकले अर्कोलाई बास्तविक रूपमा चिन्न नसक्दा जोडेको नाता तोडिने अवस्थामा आउने उनी बताउँछन्।

विशेषगरी नयाँ पुस्ता स्वदेशमा भन्दा विदेशमा बढि छन्। घरमा विवाहित श्रीमती हुन्छन्। श्रीमान विदेशमा भएका श्रीमतीलाई हेर्ने र देख्ने दृष्टिकोण पनि फरक हुन्छ महिलाहरू मध्य केही यौन आवेगलाई नियन्त्रणमा लिन नसक्दा पनि परिवारमा विखण्डन नै आउने गरेको कानुन व्यवसायीहरू बताउँछन्। जिल्ला अदालतका श्रेस्तेदार केशव पराजुलीका अनुसार आर्थिक वर्ष ०७९ /०८० अवधिमा ४८३, ०८०/०८१ मा ४ सय २८ र ०८१/०८२ को अवधिमा ४ सय ८५ वटा सम्बन्ध विच्छदको मुद्दा दर्ता भएकोमा ३ सय ७६ वटा मुद्दा किनारा लागिसकेका छन्।

# आरोपी पूर्वमन्त्रीहरू लगातार अख्तियार धाउँदै





काठमाडौं, ११ साउन। निवर्तमान सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता र पूर्व भूमिसुधारमन्त्री रन्जिता श्रेष्ठलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले चरणबद्ध रूपमा बयान लिइरहेको छ। घुस अडियोको विषयमा गत साताबाटै उनीहरूसँग चरणबद्ध रूपमा बयान लिइरहेको हो। 'उहाँहरूको बयान शुरु भैसकेको छ, अख्तियारले छानबिन शुरु गरेपछि बयान लिएर अनुसन्धान थालिएको हो', स्रोतले भन्यो।

बहालवाला मन्त्री र पूर्वमन्त्री मिलेर कर्मचारी सरुवा तथा जग्गा दर्तालगायतका विभिन्न काम गरिदिएको अडियो सार्वजनिक भएपछि सेवाग्राहीसँग धमाधम घुस असुलेको करिब करिब पुष्टि भएको अवस्थामा अख्तियारले उनीहरूसँग बयान लिएको हो। अख्तियार दुरूपयोग अनुसन्धान आयोगको छानबिनका क्रममा तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ता र पूर्व भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री रञ्जिता श्रेष्ठले एकपछि अर्को गर्दै घुस असुलेको प्रमाणहरू फेला परेको जनाएको छ। उनीहरूले विभिन्न समयमा गरी करोडभन्दा बढी घुस असुली गरेको स्रोतको दाबी गरिरहे का बेला पुष्टि हुने केही प्रमाणहरू फेला परेको स्रोतको दाबी छ।

निवर्तमान संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता संलग्न भएको घुस अडियो प्रकरणमा पूर्वमन्त्री रञ्जिता श्रेष्ठ पनि संलग्न भएको प्रमाण अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पुगेको थियो। अख्तियारले मन्त्री गुप्ताको छानबिन गर्ने क्रममा श्रेष्ठ पनि घुस प्रकरणमा संलग्न देखिएका प्रमाणहरू फेला पारेको स्रोतले जानकारी दिएको छ। अख्तियारले घुस प्रकरणमा गत बुधबारदेखि पूर्व भूमिव्यवस्था मन्त्री श्रेष्ठसँग बयान लिनुका साथै भ्वाइस टेस्ट गरेको छ।

यसअघि अख्तियारले मंगलवार यस प्रकरणमा पूर्वमन्त्री गुप्तासँग बयान लिँदै भ्वाइस टेस्ट गरेको थियो। गुप्ताको छानबिनकै क्रममा पूर्वमन्त्री श्रेष्ठले घुस रकम मागेको प्रमाण फेला परेको हो।

यस प्रकरणमा अडियो रेकर्ड गर्ने पोखराका व्यक्तिसँग पूर्वमन्त्री श्रेष्ठले पटक-पटक सम्पर्क गरेको र पैसासमेत मागेको देखिएको अख्तियार स्रोतले जानकारी दिएको छ। श्रेष्ठले मन्त्रिपरिषद् बैठकको सूचना आदानप्रदानदेखि आफ्नो निजी सुरक्षा अधिकृत (पीएसओ) प्रयोग गरेरसमेत पैसा मागेको दावी छ। तर, पूर्वमन्त्री श्रेष्ठले आफूमाथिको आरोप गलत भएको बताउँदै आएकी छिन्। अख्तियार स्रोतका अनुसार पूर्वमन्त्री श्रेष्ठले पोखराका ती व्यक्तिसँग फोनमा म्यासेज गरेर, '...जी, पशुपति पूजामा छु, क्यास चाहिएको छ। ड्राइभरलाई लिन पठाइदिँऊ?' भनी म्यासेज लेखेको भेटिएपनि बयानमा भने अस्वीकार गर्दै आएकी छिन्। अख्तियार स्रोतका अनुसार तत्कालीन सामान्य प्रशासनमन्त्री र गुप्ता, पूर्व भूमिसुधार मन्त्री तथा नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ र मन्त्री गुप्तालाई पैसा बुझाउने पोखराका ती व्यक्तिबीच निरन्तर सम्पर्क भएको खुलेको हो।

त्यसमा पनि पूर्वमन्त्री श्रेष्ठले पोखराका ती व्यक्तिसँग निरन्तर फोन र म्यासेज गरेर काम अघि बढाइदिने आश्वासन दिएको भेटियो' अख्तियार स्रोतले भन्यो। मन्त्रिपरिषद्को बैठक बस्दैछ भन्ने सूचनादेखि 'मलाई मन्त्री गुप्ताले कल गर्दैछ' भन्नेसम्मको कुराकानी फेला परेको अख्तियार स्रोतले जनाएको छ । यही विषयलाई लिएर श्रेष्ठको पार्टीमा किचलो समेत उत्पन्न भएको छ। रन्जिताका श्रीमान रेशम चौधरीले पार्टीको बैठकमा स्पष्ट पार्न आग्रह समेत गरिसकेका छन्। अख्तियारले भने अझै केही दिन उनीहरूसँग बयान लिएर थप प्रमाण जुटाउन लागिपरेको छ।



## Krishnanagar manicipality
## Office of Municipal Executive
Krishnanagar, Kapilvastu
Lumbini Province

## Invitation for online Bids

**Date of first publication: 2082-04-11 (27th Jul, 2025)**

The krishnanagar Municipality, Office of the Municipal Executive, krishnanagar kapilvastu invites online bids under e-procurement system from eligible bidders for the procurement of following works. The bidders can visit the PPMO web side www.hhtp://bolptra.gov.np for the brief description with public entity name : Office of Municipal Executive Krishnanagar, kapilvastu.

| S. N | contract ID | Name of Projects | Estimated Amount (with out VAT & Contingencies) NRS | Bids Security (NRs.) | Bid Doc fee | Final Bid submission Date & Time | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | KNM/SQ/ GOODS-01/2082/83 | Procurement of Nyano Jhola | 11,62,500.00 | 29,000.0 | 1000.00 | 11-08-2025 12:00 | |
| 2 | KNM/NCB/ GOODS-01/2082/83 | Procurement of Medicine And Surgical Device | 63,92,968.30 | 1,62,000.00 | 3000.00 | 26-08-2025 12:00 | |

**Chief Administrative Officer**

# असल सामाजिक सद्भाव समाजमा फैलाउन आवश्यकः अर्थमन्त्री पौडेल

बुटवल (बुटवल टुडे), ११ साउन- नेपाल सरकारका उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेलले असल सामाजिक सद्भाव समाजमा फैलाउनुपर्ने आवश्यकता रहेको बताएका छन्। ज्ञान विवेक र मानवताका ज्ञानहरूलाई एकताको सन्देस दिनेहरू समाजमा सामाजिक सद्भाव फैलाउनुपर्ने उनको भनाइ छ।



बुटवल- ११ योगिकुटी स्थित देवस्थल मन्दिरमा पूजाअर्चना, रुद्राभिषेक कार्यक्रममा सरिक एवं प्रस्तावित बहुउद्देश्यीय भवनको अवलोकन गर्दै उनले मन्दिरको माध्यमबाट समाजमा राम्रा विचारहरू फैलाउनुपर्ने सुझाव दिए। उनले नेपाल देवभूमि, अत्यन्तै पावनभूमि, तपोभूमि, ध्यानभूमि, ज्ञानभूमि भएको बताए। साथै यहि संस्कति र परम्परालाई देवस्थल जस्ता मन्दिरहरूलाई अनुसरण गर्दै सम्बृद्ध संस्कृतिको रूपमा अगाडि बढ्नुपर्ने उनले बताए।

नेपाल विभिन्न चाडपर्व, संस्कृति र सम्पदाले सम्पन्न मुलुक भएको भन्दै उनले विश्वका कतिपय देशहरू ठूला र विकसित भएपनि नेपालमा जस्तो संस्कृति र परम्परा अन्यन्त्र नभएको दावी गरे। त्यस्तै उनले मन्दिर व्यवस्थापन समितिले निर्माण गर्न लागेको बहुउद्देश्यीय भवन निर्माणका लागि आफ्नो सहयोग रहने प्रतिबद्धता समेत जनाए। रूपन्देही क्षेत्र नं. २ का सांसद समेत रहेका पौडेलले रूपन्देही पूर्वधारको विकास सँगै मानविय विकासमा अव्वल बन्दै गइरहेको बताए। रूपन्देहीमा अहिले निर्माणाधिन अवस्थामा रहेका आयोजनाहरू छिटो सम्पन्न गर्न आवश्यक बजेटको कमि नहुने बताउँदै रूपन्देहीले पूर्वधार विकासमा छलांग मारेको बताए। अर्थमन्त्री पौडेललाई देवस्थल मन्दिर व्यवस्थापन समितिकी अध्यक्ष पुष्पा शर्माले पुष्पगुच्छाबाट स्वागत गरेकी थिईन। सो क्रममा उनले धर्मशाला, जेष्ठ नागरिक मिलन केन्द्र निर्माण गर्ने तयारी समितिले गरेको बताए। कार्यक्रममा पण्डीत कुश्माखर न्यौपाने, समितिका बरिष्ठ उपाध्यक्ष कमल नेपाल, उपाध्यक्ष हरि घिमिरे, सचिव रनमाया चापागाई, सह सचिव जिवलाल बस्याल, कोषाध्यक्ष बद्री लम्साल, सह कोषाध्यक्ष माया बेलबासे सदस्यहरू गणेश न्यौपाने, कमला न्यौपाने, मञ्जु खड्का, लक्ष्मी श्रेष्ठ, एकदेव न्यौपाने, श्याम पोखरेल, पप्पु वि.क. ललिता खनाल लगायतले अर्थमन्त्री पौडेललाई स्वागत गरेका थिए।

# देवदहमा बाल गोपाल सिस महल

देवदह (बुटवल टुडे), ११ साउन- रूपन्देहीको देवदह-७ सितलनगरमा धार्मिक पर्यटकीय क्षेत्रको प्रवर्द्धन तथा प्रचारप्रसार गर्ने उद्देश्यले बाल गोपाल सिस महल निर्माण गरिएको छ। सितलनगरमा रहेको दुर्गा पञ्चायतन मन्दिर संरक्षण समितिको देवदह मणिद्वीप धाम गुरुयोजना अन्तर्गत बाल गोपाल सिस महल निर्माण गरिएको हो। शिलन्यास गरिएको एक वर्षमै निमार्ण सम्पन्न भएको सिस महलको उद्घाटन तयारी समेत थालिएको छ। गएको भदौमा संघीय सांसद छवीलाल विश्वकर्माले शिलन्यास गर्नु भएको सिस महलको यहि साउन ३१ गते भाद्र कृष्णाजन्मष्ठमिका अवसरमा उद्घाटन गर्ने गरि तयारी थालिएको दुर्गा पञ्चायतन मन्दिर संरक्षण समितिका अध्यक्ष सिपी बस्यालले जानकारी दिए।




स्थानीय तथा धार्मिक श्रद्धालुभक्तजनहरूको सहयोगमा जुटाइएको आर्थिक रकमबाट सिस महल निर्माणकार्य थालिएको उल्लेख गर्दै सोही अनुसार झण्डै ७० लाखको लागतमा निर्माण पुरा भएको उनले जानकारी दिए। उनले स्थानीयसँगै वाह्य धार्मिक पर्यटकहरूलाई आकर्षण गर्न र पर्यटकको संख्यामा वृद्धि गर्नकालागि सिस महल निर्माण गरिएको बताए।

केही श्रद्धालुभक्तजनहरूबाट दानपेटी तथा सहयोग संकलन गरिएको केही २०७५ मा सम्पन्न भएको महायज्ञमा संकलन भएको रकम जुटाएर बाल गोपाल सिस महल निर्माण गरिएको मन्दिर संरक्षण समितिका कोषाध्यक्ष दिनानाथ सापकोटाले जानकारी दिए। सिस महलसँगै मन्दिर परिषरमा बुद्धमुर्ति, अर्जुन रथयात्रा, धार्मिक रमणीय पार्क, वाटर फाउण्डेशन र आकर्षक प्रदेशद्वार निर्माणलगायतका संरचनाहरू निर्माण गरिएको जानकारी दिए। इनडोर बिस वाई बिस स्क्वायर वर्गफिटमा निर्माण गरिएको सिस महलभित्र कृष्ण विरात स्वरूप, मखन चोर बालकृष्ण लिला, गापिनी कृष्णलिला, नागमर्दन लिलालगायतका चित्रवर्णीत रहेको मन्दिर संरक्षण समितिका सचिव अजय भण्डारीले जानकारी दिए। सिस महलको निर्माण सम्पन्न भइ सकेको र यहि महिनाको अन्तिमका उद्घाटनको तयारीमा रहेकाले आकर्षक मनमोहक रूपमा निर्माण सम्पन्न भएको सिस महलले आन्तरिक तथा बाह्य पर्यटकको वृद्धि गर्ने विश्वास ब्यक्त गरे। सिस महलभित्र एक पटकमा २० जनाले अवलोकन गर्न सक्ने र यसले कृष्णका विभिन्न लिलाबारे साना/ठूला सबैलाई जानकारी दिन मद्धत गर्ने मन्दिर संरक्षण समितिका उपाध्यक्ष यज्ञमूर्ति पाण्डेयले जानकारी दिए। ठुलो र पुरानो इतिहास बोकेको दूर्गा पञ्चायतन मन्दिर परिषरभित्र निर्माण थालिएको देवदह मणिद्वीप धाम गुरुयोजना अन्तर्गत बाल गोपाल सिस महल निर्माण गरिएकाले यसको प्रचार प्रसार हुन पनि उत्तीकै आवश्यक रहेको धारणा राखे।

# बजेट कार्यान्वयनका लागि कर्णाली सरकारले ल्यायो वार्षिक कार्ययोजना

सुर्खेत, ११ साउन । हरेक वर्ष बजेट कार्यान्वयनमा कमजोर देखिएको कर्णाली प्रदेश सरकारले चालू आर्थिक बर्षको बजेट कार्यान्वयनका लागि कार्ययोजना बनाएको छ। सरकारले चालू आर्थिक वर्षको बजेट कार्यान्वयनका लागि बनाएको ७१ बुँदे मार्गदर्शन अनुसार भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय अन्तर्गतका एक करोडभन्दा माथिका आयोजना र अन्य मन्त्रालयका ५० लाख भन्दा माथिका आयोजनाको भदौ मसान्तभित्र ठेक्का गरिसक्नुपर्नेछ । योसँगै समपूरक र विशेष अनुदानका स्रोतबाट सञ्चालित हुने आयोजनाहरूको ठेक्का पत्रको सूचना साउन मसान्तभित्र आह्वान गरिसक्ने गरि असार २५ गते नै क्यालेन्डर बनाएर कार्यान्वयनका लागि सबै मन्त्रालयमा पठाइएको कर्णालीका मुख्यमन्त्री यामलाल कँडेलले बताए । चालु आर्थिक वर्षका लागि स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत प्रदेशबाट कार्यान्वयन गरिने आयोजना जिल्लास्थित कार्यालयबाट सम्बन्धित स्थानीय तहलाई आयोजनाको नाम र विनियोजित रकमसहितको विवरण पठाइएको सकिएको मुख्यमन्त्री कँडेलले बताए । सरकारले ठेक्का भई हाल कार्यान्वयनमा रहेका आयोजनाको कार्यभार साउनबाट नै गर्नेगरी सम्बन्धित निर्माण व्यवसायीलाई पत्राचार गरिसकेको उनको भनाइ छविगत आर्थिक वर्षबाट निरन्तरता दिइएका कार्यक्रम कार्यान्वयनका लागि कार्यविधिमा परिमार्जन गर्नुपर्ने भए भदौ मसान्तभित्र ती कानुनहरूको मस्यौदा तर्जुमा गर्ने र अबण्डाका रूपमा रहेको रकम बाँडफाँटका लागि भदौ मसान्तभित्र आवश्यक व्यवस्था मिलाउने निर्णय पनि प्रदेश सरकारले गरेको छ । अर्को वर्षका लागि स्रोत सुनिश्चितता गर्नुपर्ने वा बहुवर्षीय योजना बनाउनुपर्ने भएमा त्यसको अभिलेख र स्टिमेटसहित साउन महिनाभित्र सम्बन्धित मन्त्रालय हुँदै प्रदेश योजना आयोगमा बुझाउनु पर्नेछ व्यवस्था गरिएको छावर्ष फेरिने वित्तिकै कार्यविधि फेर्ने विगतको परम्पराको अन्त्य गरि विनियोजन ऐन मै नयाँ कार्यविधि बनाउन नपर्ने व्यवस्था गरेकाले चालू आर्थिक वर्षको सुरु देखिनै कार्यक्रम र बजेट कार्यान्वयन गर्न हुने मुख्यमन्त्री कँडेलले बताए।

# आगलागीमा परेर युवतीको ज्यान गयो

गुल्मी (बुटवल टुडे), ११ साउन - गुल्मीमा आगलागीबाट एक युवतीको मृत्यु भएको छ। आगलागिमा परि मृत्युहुनेमा धुर्कोट गाउँपालिका-५ वस्तु अमराईकी ३० वर्षीया जुना बिकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक गंगा बहादुर सारुले जानकारी दिएका छन।

प्रहरीका अनुसार आईतबार बिहान ३ बजेको समयमा आगलागी भएको थियो। मृतक जुना ७० वर्षीया आमा मनिदेवी बिकसँग बस्दै आएको बताईएको छ। उनको जस्ताले छाएको कच्ची एक तले घर रहेको प्रहरीले जनाएको छ। मृतक जुनाको मानसिक सन्तुलन ठिक नभएको प्रहरीले जनाएको छ।

घटनाको जानकारी पाउनासाथ इलाका प्रहरी कार्यालय पुर्कोटदहबाट प्रहरी निरीक्षक रेवन्त सेनको नेतृत्वमा टोली आईतबार बिहानै घटना स्थलमा खटिएको थियो। आगलागीबाट तीन लाख भन्दा बढीको क्षति भएको अनुमान प्रहरीको छ। मृतकको शवलाई पोष्टमार्टमपछि परिवारलाई बुझाईएको प्रहरीले जनाएको छ।

# समाचार संक्षेप

## लोसपाका सन्तोष पाण्डे मन्त्री

बुटवल (बुटवल टुडे) , ११ साउन- लुम्बिनी प्रदेशमा लोकतान्त्रिक समाजवादी पार्टीका सांसद सन्तोष पाण्डे मन्त्री नियुक्त भएका छन्। उनलाई मुख्यमन्त्री चेतनारायण आचार्यले युवा तथा खेलकुद मन्त्री नियुक्त गरेका हुन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्याालयले पाण्डेलाई मन्त्री नियुक्त गरेको जानकारी आइतबारै इमेलमार्फत प्रदेश प्रमुखको कार्यालयलाई गराइसकिएको बताइएको छ । पाण्डेको दल लोसपा प्रदेश सरकारको बजेटमाथि छलफल भइरहेका बेला एकाएक सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो। लुम्बिनीमा लोसपाका तीन सांसद रहेका छन् । पाण्डे दलको नेतासमेत हुन् । उनको शपथग्रहण आज (सोमबार) दिउँसो ३ बजे हुने भएको छ।



## झालाई तीन लाख धरौटीमा छोड्न आदेश

काठमाडौं, ११ साउन । नेपाल दूरसञ्चार प्राधिकरणको टेरामक्स खरिद अनियमिततामा मुछिएका तत्कालीन अध्यक्ष दिगम्बर झालाई तीन लाख धरौटीमा छोड्न विशेष अदालतले आदेश दिएको छ।



आइतबार न्यायाधीशद्वय नारायणसिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले थुनछेक बहसपछि झालाई तीन लाख रूपैयाँ धरौटीमा छोड्न आदेश दिएको अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीले जानकारी दिए। मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडीएमएस) परामर्श सेवा खरिदमा अनियमितता भएको भन्दै उनीसहित १९ जनाविरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले ०८० साल चैत १५ गते मुद्दा दायर गरेको थियो।

## ‘श्रम र श्रमिकको सम्मान नभए मुलुक अगाडि बढ्न सक्दैन’

काठमाडौं, ११ साउन । श्रममन्त्री शरतसिंह भण्डारीले मुलुक अगाडि बढ्न श्रम र श्रमिकको सम्मान हुनुपर्ने बताएका छन् । आइतबार काठमाडौंमा आयोजित कर्मयोगी बद्रीविक्रम थापाको १०३ औं जन्म-स्मृति सभा तथा बद्रीविक्रम राष्ट्र गौरव पुरस्कार एवं सेवा पुरस्कार नेपाल समर्पण समारोहमा बोल्दै उनले श्रमको सम्मानले मुलुक अगाडि बढ्ने बताएका हुन्।



उनले भने, ‘बद्रीविक्रम थापा स्मृति सेवा गुठिले केही नयाँ गरिरहेका छ । श्रम पुरस्कारका बारेमा हामीले कुरा गरेका छौं । श्रम र श्रमिकको जबसम्म सम्मान हुँदैन । त्यो मुलुक अगाडि बढ्न सक्दैन ।’ उनले आफू बच्चा हुँदादेखि चिया खाने गरेको पसललाई सम्मान गर्न पाएकोमा खुसी लागेको भन्दै श्रमलाई सम्मान गर्ने कामलाई निरन्तरण गर्न आग्रह समेत गरे।

## मुस्लिम समुदायले वर्षाका लागि गरे प्रार्थना

रौतहट, ११ साउन । रौतहटका मुस्लिम समुदायले वर्षाका लागि इस्तिस्का (पानीको प्रार्थना) गर्दै नमाज पढ्न थालेका छन् । पर्रोहा नगरपालिका र गुजरा नगरपालिका लगायतका मुस्लिम समुदायले वर्षाको लागि भगवान (अल्लाह) समक्ष पानीको माग गर्दै प्रार्थना गरेका हुन्। रौतहटसहित मधेस प्रदेशमा खडेरीको चपेटा र चापा कल सुकेर जल संकट गहिरिँदै गएका बेला उनीहरूले धार्मिक परम्पराअनुसार इस्तिस्का नामाजअदा गरेको स्थानीय इस्तिका अहमदले बताए। इस्तिस्का नामाज अदामा मुस्लिम समुदायका वृद्धदेखि युवासम्म सहभागी भएको उनको भनाइ छ। लामो समयसम्म पानी नपरेपछि मुस्लिम समुदायले सामूहिक रूपमा इस्तिस्का नामाज पढ्ने धार्मिक परम्परा रहेको समेत उनले उल्लेख गरेका छन्। उनका अनुसार प्रार्थनाका बेलामा सबैले निःस्वार्थ मनले हात उठाएर अल्लाहसग क्षमा माग गर्दै रक्षाको कामना गरिन्छ। खडेरी (जल संकट) ले जिव-जनावर, रुख-बिरुवा र खेतीबाली सुक्दै गएको र पिउने पानीसम्म अभाव हुनथाले पछि विशेष नमाजअदागर्दै अल्लाहसँग बारम्बार दुवा गरेको उनको भनाइ छ। धार्मिक परम्पराअनुसार, लामो समयसम्म पानी नपरेपछि मुस्लिम समुदायले सामूहिक रूपमा इस्तिस्का नामाज पढ्ने गर्छन् । यो धार्मिक र सांस्कृतिक अभ्यास मुलुकमा पानीको अभाव र सुख्खा परेका बेलाभगवान (अल्लाह) समक्षपानीको माग गर्ने गरिन्छ। यो प्रार्थना शान्तिपूर्ण र श्रद्धापूर्वक हुन्छ।




**हिमालयन लाईफ इन्स्योरेन्स लिमिटेड**
HIMALAYAN LIFE
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

तपसिल

| क्र. सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI १७१०००१३७९ | निर्मला पन्त | तिलोत्तमा ०९, रुपन्देही |
| २ | PLI १७१००१०१६० | केशव खनाल | सितगंगा ०२, अघाँखाची |



**अनुसूची- १५**
**(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित )**

**काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम/दोश्रो पटक सूचना प्रकाशन मितिः २०८२/०४/१२**

यस मधुवन सामुदायिक वन उपभोक्ता समूह, वाणगंगा न. पा-८, मधुवन, कपिलवस्तुले स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम डिभिजन वन कार्यालय, कपिलवस्तुको संकलन सहमति अनुसार आ.व. ०८१/०८२ मा संकलन गरी उत्पादन भएका काठ/दाउरा मध्ये सा. व. उ. स. को घाटगद्दीमा विभिन्न लटहरु बनाई राखिएको साल, असना तथा अन्य जातको ४४६४.४६ क्यु.फि. काठ र साल र अन्य जातको दाउरा २२ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रितपुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना प्रथम/दोश्रो पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोल पत्र खरिद गरि २२ औं दिन भित्रमा प्रत्येक लटको छुट्टा छुटै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा अनुरोध छ।

**श्री मधुवन सामुदायिक वन उपभोक्ता समूह**
**वाणगंगा न.पा-८, मधुवन**
**कपिलवस्तु सम्पर्क नं. ९८४७०६५१७७**



**अनुसूची-१५**
**(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)**
**काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको १५ दिने सूचना**

दोस्रो पटक सूचना प्रकाशन मिति २०८२/०४/१२

देउराली सामुदायिक वन उपभोक्ता समूह, बुद्धभुमि न.पा.-०२, कपिलवस्तुको वन क्षेत्र बाट नियमानुसार आ.व. २०८९ / ०८२ मा संकलन गरी उत्पादन भएका काठ/दाउरा सा.व.उ.स. को घाटगद्दीमा लट बनाई राखिएको साल तथा अन्य जातको गोलिया थान १९७ को १२३९,२६ क्यु.फि. काठ र साल जातको ८ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रितपुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन सम्ममा बोल पत्र खरिद गरि १६ औं दिन भित्रमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टास गरिएको छ।

**श्री देउराली सामुदायिक वन उपभोक्ता समूह**
**बुद्धभुमि न. पा. - 02, कपिलवस्तु**



“समृद्ध जीवनको आधार, कोलिय देवदहमा कारोवार”

**कोलिय देवदह**
**बचत तथा ऋण सहकारी संस्था लि.**
**KOLIYA DEVDAHA Saving & Credit Co-operative Society Ltd.**
देवदह, रुपन्देही

ACCESS BRONZE
SUCCEED PROBATION

**कोलिय देवदह बचत तथा ऋण सहकारी संस्था लि., देवदह रूपन्देहीको तपशिलको ऋणी सदस्यलाई ऋण चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सुचना।**

**(प्रकाशित मिति २०८२।०४।१२ गतेको राष्ट्रिय दैनिक प्रत्रिका)**

तपशिलको ऋणी सदस्यले यस सहकारी संस्था बाट लिनु भएको ऋण रकम यस सहकारी संस्थासंग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकीए अनुसार बुझाउनु पर्ने साँवा ,व्याज भुक्तान नगरी, नबुझाई ऋण लिदा गरी दिएको शर्त उल्लघंन गर्नु भएको र सहकारीबाट मौखिक एंवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो ऋणको तिर्नुपर्ने साँवा, व्याज तथा हर्जना समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा ऋणको सम्पुर्ण साँवा ,व्याज तथा हर्जना समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरीन्छ। उल्लेखित मिति भित्रमा सहकारी संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पुर्ण ऋण, व्याज तथा हर्जना समेत चुक्ता भुक्तान नभएमा वा बुझाएको भए त्यसको प्रमाण पेश गर्नु हुन अनुरोध गरीन्छ। यस सहकारी संस्थालाई कर्जा सुरक्षण बापत लेखिदिनु भएको तपशिल बमोजिमको चल/अचल सम्पती सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ को दफा ३०, संस्थाको ऋण नीति २०७५ तथा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना रकम असुल उपर नभएमा तपाई ऋणी सदस्य तथा सम्बद्ध पक्ष समेतको अन्य चल अचल सम्पत्तिबाट वा अन्य प्रचलित कानुन बमोजिम कारवाही गरी संस्थाले आफ्नो लेना रकम असुल उपर गर्ने प्रकृया अगाडि बढाईने व्यहोरा यसै सुचनाबाट सुचित गरीन्छ।

| क्र. सं. | ऋणीको विवरण | व्यक्तिगत धन जमानत दिने व्यक्तिको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १ | **ऋणीको नामः** कर्न बहादुर के. सी. (हाल मुत्यु)<br>**बाबुको नाम** : बेल बहादुर के.सी.<br>**बाजेको नाम** : पदमपानी के.सी.<br>**हालको ठेगाना** : देवदह ०७ सित्तलनगर<br>**ना.प्र.प.नं.** : ७६५४४<br>**जारी मिति** :२०४२।११।०६, रूपन्देही | **जमानतको नामः** मेघराज ढकाल<br>**बाबुको नामः** तिलकराम ढकाल<br>**बाजेको नाम** : सदाखर ढकाल<br>**हालको ठेगानाः** देवदह ०७ सित्तलनगर<br>**ना.प्र.प.नं.**:३१६२<br>**जारी मिति** २०५१।०१।२९, चितवन<br>**जमानतको नाम** : गिता थापा<br>**श्रीमानको नामः** कर्न बहादुर के.सी..(हाल मुत्यु)<br>**ससुराको नामः** बेल बहादुर के.सी.<br>**हालको ठेगानाः** देवदह ०७ सित्तलनगर<br>**ना.प्र.प.नं.**: ४८०८<br>**जारी मिति** : २०४३।११।०६ कपिलवस्तु | कर्न बहादुर के.सी.को नाममा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मालपोत कार्यालय, परासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला साविक जमुनिया ९।क कित्ता नं ६८ को क्षेत्रफल (०-९-०) जग्गा, सो जग्गामा बनेको घर र सोले चर्चेको सम्र्पुण लिललिगापात समेत र कर्न बहादुर के.सी.को नाममा रुपन्देही जिल्ला भैरहवा मालपोत कार्यालयमा दर्ता श्रेष्ता कायम रहेको साविक पडसरी ८।ख कित्ता नं. १२७८ को क्षेत्रफल (०-०-७.२५) र सो जग्गामा बनेको घर र सोले चर्चेको सम्र्पुण लिललिगापात समेत। |

रु.जि.हु.का.द.नं.११/०६२/६३
रु.जि.प्र.का.द.नं.१२४/०६९/०७०
बुटवल टुडे

## अब १२ वटै जिल्लामा
# ‘मेरो विद्यालय मेरो दायित्व अभियान’



भैरहवा (बुटवल टुडे), ११ साउन - लुम्बिनी प्रदेशको सामाजिक विकास मन्त्रालयले चालु आर्थिक वर्ष २०८२/०८३ का लागि २०४ वटा कार्यक्रम सार्वजनिक गरेको छ। मन्त्रालयले शिक्षा, युवा तथा खेलकुद, महिला बालबालिका तथा ज्येष्ठ नागरिक क्षेत्रमा केन्द्रित यी कार्यक्रमहरूका लागि कुल ३ अर्ब ६१ करोड रूपैयाँको बजेट विनियोजन गरेको छ।

आईतबार मन्त्रालयको वार्षिक प्रगति सार्वजनिक गर्दै गएको आर्थिक वर्षमा मन्त्रालयले ६९.१ प्रतिशत खर्च गरेको विवरण पेश गरेको छ। सामाजिक विकास मन्त्रालयका उपसचिव रामहरि रिजालले ७१.७ प्रतिशत चालु र ६५.२ प्रतिशत पूँजीगत खर्च गरेको जानकारी दिए। उनले गत वर्षको तुलनामा यस वर्ष पूँजीगत खर्चमा १५.७ प्रतिशत बढी खर्च गर्न सकिएको बताए।

सामाजिक विकास मन्त्रालय विगतका वर्षहरूको तुलनामा आर्थिक वर्ष २०८१/०८२ मा शिक्षा क्षेत्रमा विशेष महत्त्व दिएकोले यसको प्रतिफल पनि प्राप्त गरेको उनले बताए। एसईई २०८० सालमा लुम्बिनी प्रदेशबाट ३८.६५ प्रतिशत विद्यार्थी मात्र उत्तीर्ण भएकोमा मन्त्रालयकै प्रयासमा २०८१ सालमा ६२.३२ प्रतिशत उत्तीर्ण गराउन सफल भएको रिजालले बताए।

यसैगरि मन्त्रालय अन्तर्गत रहेका ९५७ वटा योजनाहरू मध्ये ५२६ वटा सम्पन्न भइसकेको र ३४८ वटा चालु अवस्थामा रहेको छ। ८३ वटा योजना भने काम नै नभएको अवस्थामा रहेको रिजालले जानकारी दिए।

चालु आर्थिक वर्षमा गत वर्षहरूका अधुरा योजनाहरूलाई प्राथमिकतामा राखि उनीहरूलाई पुरा गर्ने गरि बजेट विनियोजन गरिएको लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाले बताए। “पुराना र अधुरा योजनाहरूको निर्माण सम्पन्न गर्न यस वर्ष ३५ करोड बढी रकम विनियोजन गरिएको छ।” उनले भने-“विगतका मन्त्रीहरूले सुरु गर्नुभएको योजनाहरूलाई अधुरो छोडेर नयाँ योजना ल्याउने मनस्थिति मेरो छैन।”

शैक्षिक सुधारमा केन्द्रित भई “मेरो विद्यालय मेरो दायित्व अभियान” कार्यान्वयनका लागि १२ वटै जिल्लामा कार्यक्रम विस्तार गरिएको छ। विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको स्वास्थ्यमा सुधार गरी शैक्षिक गुणस्तरमा टेवा पुऱ्याउन विद्यालय स्वास्थ्यकर्मी कार्यक्रमलाई लुम्बिनी प्रदेशका मानव विकास सूचकांङ्कमा पछि परेका जिल्लाका ५० वटा विद्यालयमा बिस्तार गरिएको मन्त्री तिमिल्सिनाले बताए।

शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउँदै विद्यार्थीहरूलाई प्रविधिको माध्ययमबाट सिक्न प्रोत्साहित गर्न स्मार्ट विद्यालय कार्यक्रमका लागि यस वर्ष ६ करोड रकम छुट्टाईएको छ। गणित र विज्ञान विषयको सिकाई उपलब्धी सुधार गर्न शिक्षकका लागि प्रविधि सहयोग अन्तर्गत १ करोड ५० लाख र प्रविधिमैत्री शिक्षक तालिमका लागि ५० लाख छुट्टाईएको छ। विज्ञान, प्रविधि, ईन्जिनियरिङ र गणित (स्टेम) अभिमुखीकरण र विस्तारका लागि ५० लाख विनियोजन भएको छ। एसईइ नतिजाको आधारमा विद्यालयलाई प्रोत्साहन गरी समग्र लुम्बिनी प्रदेशको सिकाई उपलब्धीमा थप सुधारका लागि ३६ लाख विनियोजन भएको उनले बताए।

सामुदायिक विद्यालय तथा सामुदायिक क्याम्पसमा अध्ययनरत विद्यार्थीलाई आत्मनिर्भरताको अभिवृद्धि गरी उद्यमशिलताको विकासका लागि “पढ्दै सिक्दै कमाउँदै कार्यक्रम” अन्तर्गत १ करोड ९० लाख विनियोजन भएको छ। शैक्षिक पूर्वाधार विकास आइसिटी ल्याव, पुस्तकालय, प्रयोगशाला र नव प्रवर्धन इकाइ स्थापनाका लागि ३ करोड १५ लाख विनियोजन भएको छ।

विज्ञान पढ्ने छात्रा तथा लक्षित समूहको छात्रवृतिका लागि प्रोत्साहन तथा पहुँच बढाउन ७ करोड ५० लाख छात्रवृति रकम छुट्टाइएको छ। भने ४६ वटा विद्यालयमा आइसिटी व्यवस्थापनका लागि ६ करोड ८७ लाख ५० हजारको योजना प्रस्ताव गरिएको छ। “लुम्बिनीका महिला उद्यमशिलतामा पहिला भन्ने अभियान” अन्तर्गत महिलाहरूको उद्यम विकास र सीप प्रमाणीकरण गरी स्वआर्जन तर्फ उन्मुख गराउन १ करोड २० लाख विनियोजन भएको छ। सडक सहयोगापेक्षी मानवमुक्त र सडक बालबालिकामुक्त प्रदेश बनाउन र साक्षर लुम्बिनी प्रदेश घोषणाका लागि १ करोड ५ लाख विनियोजन गरिएको छ।

यसैगरि कमैया, कम्लहरी, सुकुम्बासीमुक्त, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सीमान्तकृत, पिछडा वर्ग, विपन्न र जोखिममा रहेका समुदायको उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि रु. १ करोड ५० लाख विनियोजन गरिएको उनले बताए। कार्य सम्पादनमा चुस्तता, पारदर्शिता र गुणस्तर कायम गर्न आवश्यक पर्ने विभिन्न ऐन नियम र कार्यविधिहरू तर्जुमा गरिएको छ र महिला परिषद् गठन आदेश, वरघर ऐन, नवप्रवर्द्धन केन्द्र स्थापना र सञ्चालन लगायतका कार्यविधिहरूको तर्जुमाको प्रक्रिया अगाडि बढाइएको पनि मन्त्री तिमिल्सिनाले जानकारी दिए।

# पुस्तकालय व्यवस्थापनको लागि दक्ष जनशक्ति तयार गरिँदै



सल्यान (बुटवल टुडे), ११ साउन- पुस्तकालय मार्फत बालबालिकामा पढ्ने बानी र पठन सीप विकास गरी सिकाइलाई रोचक र प्रभावकारी बनाउन सामुदायिक विद्यालयमा दक्ष जनशक्ति तयार गर्नका लागि सल्यानमा पुस्तकालय व्यवस्थापन तथा पुस्तकालय प्रयोग सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम सुरु भएको छ। चार स्थानीय तहका शिक्षक एवम् साक्षरता श्रोत व्यक्तिहरूका लागि आयोजना गरिएको तालिमको आइतबार शारदा नगरपालिका स्थित बरलामा एक कार्यक्रमकाबीच उद्‌घाटन गरिएको हो।

छत्रेश्वरी गाउँपालिकाका अध्यक्ष ओज बहादुर बुढाथोकी, कार्यक्रम आयोजक, प्रशिक्षक तथा सहभागीहरूले आ-आफ्ना साथमा रहेका पुस्तक खोलेर केही समय पढ्ने कार्य गरेर तालिमको औपचारिक सुरुवात गरेका थिए। पठन संस्कृतिलाई प्रोत्साहन गर्ने उद्देश्यले पुस्तक बढेर तालिमको उद्‌घाटन गरिएको साक्षरता कार्यक्रम सल्यानका संयोजक उमेश खरेलले जानकारी दिए।

स्थानीय तहहरूसँगको साझेदारी, रुम टु रिडको सहयोग एवं दलित विकास समाज सल्यानको आयोजनामा सञ्चालित चार दिने तालिममा बनगाड कुपिण्डे नगरपालिकाबाट ६ जना, छत्रेश्वरी गाउँपालिकाबाट ५ जना, त्रिवेणी गाउँपालिकाबाट ४ जना र बागचौर नगरपालिकाबाट एकजनाको सहभागिता रहेको छ।

कार्यक्रममा बोल्दै छत्रेश्वरी गाउँपालिका अध्यक्ष बुढाथोकीले साक्षरता कार्यक्रमले जिल्लामा राम्रो काम गरेको भन्दै पुस्तकालय व्यवस्थापन, कक्षाकोठा व्यवस्थापनका क्षेत्रमा र शिक्षकहरूलाई थप दक्ष बनाउनका लागि प्राथमिकतासाथ काम गरिरहेको उल्लेख गरे। उनले भने, “हाम्रो पालिकाका थप ९ वटा विद्यालयमा यस बर्षेदेखि साक्षरता कार्यक्रम बिस्तार गर्दैछौं।” यस अघि छत्रेश्वरीमा ६ विद्यालयका कक्षा १ र २ मा बालमैत्री बसाइँ व्यवस्थापन र ६ वटा पुस्तकालय स्थापना गरिएको तथा शैक्षणिक तथा पुस्तकालय व्यवस्थापन सम्बन्धी शिक्षकलाई पेशागत तालिम प्रदान गरिएको थियो।

कार्यक्रममा रुम टु रिडका फिल्ड कार्यक्रम व्यवस्थापक दिनेश पोखरेलले शिक्षित बालबालिकाबाट नै विश्वमा परिवर्तन सम्भव छ भन्ने विश्वासका साथ आफूहरूले काम गरिरहेको भन्दै स्थानीय तहहरूसंगको साझेदारीलाई बढावा दिँदै सबै सामुदायिक विद्यालयमा साक्षरता कार्यक्रम बिस्तारका लागि प्राविधिक सहयोग प्रदान गर्न तयार रहेको बताए।

दलित विकास समाज सल्यानका अध्यक्ष हेमराज विकले सामुदायिक विद्यालयमा प्रारम्भिक तहका बालबालिकाको पठन सिपमा गुणात्मक सुधार गर्नका लागि साक्षरता कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयनमा सबैको साथ सहयोग आवश्यक पर्ने बताए। तालिममा पुस्तकालयको महत्त्व, व्यवस्थापन, सञ्चालन प्रक्रिया, बालमैत्री पुस्तकालय व्यवस्थापन तथा प्रयोग र पठन संस्कृतिको प्रवर्द्धन जस्ता विषयमा प्रशिक्षण दिइने रुम टु रिडका कार्यक्रम अधिकृत तपेन्द्र वलीले जानकारी दिए। तालिम उद्‌घाटन कार्यक्रममा रुम टु रिडका वरिष्ठ कार्यक्रम अधिकृत बाबुराम पोखरेल, गैरसरकारी संस्था महासंघ सल्यानका उपाध्यक्ष खडग शाही, पत्रकार महासंघ सल्यानका सल्लाहकार शंकर केसी लगायतको सहभागिता रहेको थियो। साक्षरता कार्यक्रम अन्तर्गत विद्यालयमा स्थापना गरिएका पुस्तकालयले बालमैत्री वातावरणमा पहुँचयोग्य र आकर्षक सामग्री उपलब्ध गराई शिक्षाको गुणस्तर सुधारमा महत्त्वपूर्ण टेवा पुऱ्याएको सम्बन्धित विद्यालयका शिक्षक तथा अभिभावकहरूको भनाई छ।

# क्यान्सर पीडितलाई आर्थिक सहयोग



अर्घाखाँची (बुटवल टुडे), ११ साउन- भूमिकास्थान नगरपालिका-२, ढाकावाङ्गकी क्यान्सर पीडित धनकला बिकलाई देविकास्थान-झाक्रिशाला टोल विकास संस्थाका युवाहरूको पहलमा आर्थिक सहयोग प्रदान गरिएको छ। उपचारका लागि आर्थिक अभावमा परेकी बिकलाई सहयोग गर्न संस्थाका युवाहरूले ८१ हजार ४ सय २५ रूपैयाँ संकलन गरी उक्त रकम पीडितका श्रीमान् हिमबहादुर बिक र छोरा तिलक बिकलाई औपचारिक रूपमा घरमै पुगेर हस्तान्तरण गरेका हुन्।

सहयोग हस्तान्तरण कार्यक्रममा टोल विकास संस्थाका अध्यक्ष जितेन्द्र खत्री, सचिव गणेश सुनार, भूमिकास्थान नगरपालिका नगरस्तरीय युवा सञ्जालका संयोजक टेकराज भुसाल लगायतका युवाहरूको उपस्थिति रहेको थियो। हाल धनकला बिकको चितवनमा उपचार भइरहेको छ। उपचार खर्च अझै आवश्यक रहेकोले संस्थाले सबैमा सहयोगको अपिल समेत गरेको छ।

# दारी ग्याङ, रूपन्देहीमा नयाँ नेतृत्व



बुटवल (बुटवल टुडे), ११ साउन -दारी ग्याङ, रूपन्देही जिल्लाको तेस्रो जिल्ला अधिवेशनबाट नयाँ नेतृत्व चयन भएको छ। रमेश खनाललाई दारी ग्याङ रूपन्देहीको अध्यक्षमा निर्विरोध चयन गरिएको छ। निवर्तमान अध्यक्ष भरत पौडेलको नेतृत्वमा सम्पन्न अधिवेशनमा अध्यक्षसहित १३ जना कार्यसमिति सदस्यहरू चयन भए। कार्यक्रमका दारी ग्याङ लुम्बिनी प्रदेश संयोजक तथा केन्द्रीय सदस्य असल सुवेदीले संस्थाका नामदाता स्वर्गीय सत्यमोहन जोशीको मार्ग अनुसरण गर्दै सामाजिक सेवामा अझ सशक्त रूपमा लाग्नुपर्नेमा जोदिए।

लुम्बिनी प्रदेश सह-संयोजक माधव भण्डारी (टार्जन) ले देशका ५६ जिल्लामा सक्रिय दारी ग्याङले युवा सशक्तिकरण र सामाजिक पुनरुत्थानमा उल्लेखनीय कार्य गरिरहेको धारणा व्यक्त गरे। नेपाल नियमित रक्तदाता संघ रूपन्देहीका अध्यक्ष अशेष शिलवालले रक्तदान अभियानमा दारी ग्याङको सक्रियता उल्लेख गर्दै आगामी दिनहरूमा समेत सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका थिए। सो अवसरमा दारी ग्याङका सल्लाहकार कृष्ण चौहानले संस्थाको सत्कर्मको बाटो पछ्याउन सबै सदस्यहरूलाई आग्रह गरे।

# सूर्यज्योति इन्स्योरेन्सको सेल्स कन्भेन्सन




पोखरा (बुटवल टुडे), ११ साउन सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको आयोजनामा सेल्स कन्भेन्सन कार्यक्रम गरेको छ। देशभरका प्रोभिन्स हेड, रिजनल म्यानेजर, शाखा प्रमुख, सेल्स एक्जुकेटीव, ब्रान्च अपरेशन, बिभागिय प्रमुख, उच्च व्यवस्थापन लगायत संचालक समितिका पदाधिकारीको उपस्थिति रहेको थियो।

कार्यक्रममा कम्पनीका अध्यक्ष केशव प्रसाद भट्टराई संचालक हेमन्त नाहाटा, चुडामणि देवकोटा, प्रमुख कार्यकारी अधिकृत, प्रकाश बिक्रम खत्री, व्यवस्थापनका उच्च पदाधिकारी लगायतका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो। कम्पनीका प्रमुख कार्यकारी अधिकृत, प्रकाश बिक्रम खत्रीले जीवन बीमा क्षेत्रमै ऐतिहासिक सफलता हासिल गर्न आफ्नो अमूल्य योगदान दिने सम्पूर्ण कर्मचारीहरू लाई कृतज्ञता व्यक्त गर्दै सदैव कम्पनीको मूल्य र मान्यतामा रहेर काम गर्न जोड दिनुका साथै बीमितको हित नै कम्पनीको हित भन्ने मूल मन्त्र लिन सबैलाई हौसला दिएका थिए।

कार्यक्रममा प्रथम बीमाशुल्क, बीमालेखहरुको बिक्री संख्या, सक्रिय अभिकर्ता निर्माण र सबैभन्दा बढि दिन नियमित व्यवसाय गर्ने तथा तोकिएको व्यवसायिक लक्ष्य हासिल गर्ने उत्कृष्ट १२९ जना कर्मचारीहरूलाई बिभिन्न बिधामा कम्पनीका अध्यक्ष केशव प्रसाद भट्टराई, संचालक हेमन्त नाहाटा, चुडामणि देवकोटा, प्रमुख कार्यकारी अधिकृत, प्रकाश बिक्रम खत्री तथा चिफ बिजनेश अफिसर फर्सुराम मरासिनी लगायतले सम्मान गरेका थिए।

# लोभलाग्दो ‘धान खेती’

**घनश्याम पौडेल**
अर्घाखाँची, ११ साउन।



हाम्जा निर्माण सेवाका सञ्चालक नजिर महमद मियाँ ठेकेदारको काम सँगै कृषि पेशामा सक्रिय छन्। अर्घाखाँचीका अधिकांश ठाउँमा पुगेर पूर्वाधार निर्माणमा काम गरेका मियाँ कृषि र पशुपालनमा लागेका छन्। पूर्वाधार निर्माणमा छोरा सवाल अलिलाई जिम्मेवारी दिँदै उनी पाणिनी गाउँपालिका स्थित दुर्गाफाँट क्षेत्रमा बाँझो रहेको ६२ रोपनी क्षेत्रफलमा धान रोपाइँ गरे।

‘५ वर्षका लागि जग्गा भाडामा लिएर रोपाई गरेको छु, हाम्जा भन्छन्-‘३ वर्षदेखी बाझो रहेका जग्गामा रोपाई गरियो।’ सिस्नेखोलामा १४ रोपनी, सेराबेसीमा १८ रोपनी, मौलेबेसीमा ३० रोपनी गरी ६२ रोपानीमा धान रोपाई गरियो, ‘१८० मुरी धान उत्पादन गर्ने लक्ष्य छ, हाम्जाले भन्छन् ७५ जना कामदार लगायौं।’

बर्खामा धान रोपाइँ गरियो, हिउँदमा तोरी र गहुँ खेती गर्ने योजना रहेको छ, हाम्जा भन्छन्। प्रविधि मैत्री समय भएकाले धान रोपाई गर्दा ट्याक्टरले मात्रै करिब ४८ घण्टा जोतेको बताउँदै बाँझो रहेका जग्गामा धान रोपाई गर्दा २ लाख खर्च लागेको मियाँले बताए। मियाँले घरमै २० बाखापालन पनी गरेका छन्। समावेशी कृषि सहकारी संस्थाका अध्यक्ष समेत रहेका मियाँ पछिल्लो समय कृषि र पशुपालनमा सक्रिय छन्।

### ९४ प्रतिशत रोपाई अर्घाखाँचीमा सम्पन्न

साउन १० गतेसम्ममा ९४ प्रतिशत रोपाइँ सकिएको कृषि ज्ञान केन्द्र अर्घाखाँचीले जनाएको छ। यसवर्ष समयमा पानी नपरेकाले र कृषकले मल समयमा नपाएकाले धान उत्पादनमा कमी हुने अनुमान गरिएको छ। जिल्लाको कुल २६ हजार खेतीयोग्य जमिनमध्ये २९ प्रतिशत अर्थात् ७ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुने गर्छ।

यसवर्ष समयमा पानी परेको छैन, टारी खेतहरूमा रोपाई बाँकी छ, ‘धानको फूल फुल्ने वेलामा पनि पानी पऱ्यो भने राम्रो उत्पादन हुन्छ, कृषि ज्ञान केन्द्र अर्घाखाँचीका अधिकृत टिकाराम न्यौपानेले भने।’

जिल्लामा प्रतिहेक्टर ३.६१ मेट्रिक टन धान उत्पादन हुँदै आएको छ। अर्घाखाँचीमा वार्षिक ८० करोड रूपैयाँको धान उत्पादन हुने गरेको सरकारी निकायहरूको तथ्यांक छ।

नेपालको प्रमुख बालीको रूपमा रहेको धान उत्पादन वृद्धि गरेर आयात प्रतिस्थापन गर्न कृषकलाई अनुदान र खेतीयोग्य जमिनको वर्गीकरण जरुरी रहेको न्यौपाने बताउँछन्।

जिल्लामा पछिल्लो समय हाइब्रिड जातको धान बढी रोपिने गरिन्छ। स्थानीय जातहरू खुमल चार, पोखेली, यु एस ३१२, लगायतका धानहरू समेत लगाइँदै आएको छ।

ट्र्याक्टरबाटै धान रोप्ने आधुनिक प्रविधि आएपनि पहाडमा साना खेतहरूमा मान्छेले नै रोप्दै आएका छन्। जिल्लामा ६० प्रतिशत गोरुमार्फत परम्परागत रूपमै धान खेती गरिँदै आएको छन्। ४० प्रतिशतले भने ट्र्याक्टरलगायतको आधुनिक प्रविधिबाट धानखेती गर्दै आएका छन्। पछिल्लो समय आधुनिक प्रविधि प्रयोग गर्नेहरूको संख्या वृद्धि भइरहेको तर भौगोलिक अवस्था र गरिबीका कारणले पनि आवश्यक प्रविधिको प्रयोग हुन सकेको छैन।





**ट्वाइलेट सफा गराउनु परेमा**
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम गर्नु परेमा हामिलाई सम्पर्क गर्नुहोला।
**गगन सेनेटरी**, बुटवल-८, सुख्खानगर रुपन्देही
फोन: ९८६७०२१६१४, ९८१५४४७६४८
९८०४४१३२८७, ९८१६४६४१७२

**ट्वाइलेट सफा गराउनुहोस्**
सुपथ मूल्यमा नगरपालिकाभित्र वा बाहिर काम गर्न र गराउन हामीलाई एक पटक सेवा गर्ने मौका दिनुहोस्।
**पाल्पाली मगर सम सेनेटरी**
बुटवल-१७, मोतीपुर, रुपन्देही
फोन: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

**ट्वाईलेट सफा गराउनुहोस्**
के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस् र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फुल भ्याकुम पम्प, विजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिईने छ।
**तिनाउ सेनेटरी**
ट्याक्सी रिजर्वको लागि पनि सम्पर्क गर्नुहोला।
बुटवल-१० सुख्खानगर, रुपन्देही
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३


बुटवल पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित प्रधान कार्यालय: बुटवल-६, तिलोत्तमा पथ, रूपन्देही, फोन: ०७१-५५४६४०, ५५४६४२, इमेल: newsbutwaltoday@gmail.com (Paper News), addbutwaltoday@gmail.com (Advt.), ebutwaltoday@gmail.com(online news)
अध्यक्ष: हरि प्रसाद पौडेल, प्रबन्ध संचालक/प्रबन्ध सम्पादक : नवराज कुँवर, सम्पादक: कृष्ण मल्ल, मुद्रण: पश्चिमाञ्चल सञ्चार गृह (प्रा.) लि.